नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
पोखरा, कास्की

## सूचनाको हकसम्बन्धी ऐन २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः-** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कास्की

**सूचना सार्वजनिक गरको अवधिः** २०७७/४/०१ देखि २०७८/०३/३१ सम्म

**क) निकायको स्वरुप र प्रकृतिः**

कास्की जिल्लाको पोखरा महानगरपालिकालाई कार्यक्षेत्र बनाई प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको ४ वटा संभागमध्ये चौथो सम्भागका रुपमा रहेको बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम आ.व. २०७३/७४ देखि संचालनमा आईरहेको छ। सुपरजोनमा समावेश भएको तरकारी बालीको उत्पादन तथा उत्पादकत्व वृद्धिको साथै गुणस्तर तथा मुल्य अभिवृद्धि गर्ने र सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायिकरण प्रवर्द्धन, प्रशोधन केन्द्रहरुको स्थापना, कृषि जन्य उद्योग स्थापना, कृषि अनुसन्धान केन्द्र र अध्ययन संस्थान स्थापना मार्फत कृषि आधुनिकिकरण गर्दै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधारशिला निर्माण गर्ने यस कार्यालयको उद्देश्य रहेको छ।

**ख) निकाय काम कर्तव्य र अधिकारः**

- सुपरजोन विकासका लागि तय भएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने।
- परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उद्यमीहरुको अभिमूखीकरण तथा क्षमता विकास गर्ने।
- सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रुपमा कार्य गर्ने तथा बाली विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने।
- बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।
- जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयसँगको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।
- जोन/सुपरजोनमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्ने।
- जोन/सुपरजोन अन्तर्गतका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी तथा कृषि सहकारीहरुको विवरण अद्यावधिक गर्ने।
- परियोजनको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोगी कार्यक्रम सञ्चालन गर्ने।

वरिष्ठ कृषि अधिकृत

- जोन/सुपरजोन अन्तर्गत समूहिक खेती, सहकारी खेती, करार खेती र चक्लावन्दी खेती प्रवर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गर्ने।
- जोन/सुपरजोन अन्तर्गत कृषि पूर्वाधारहरुको विकास गर्ने।
- परियोजनाका सरोकारवालाहरु (स्थानीय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने।
- परियोजनाको प्रगति नियमितरुपमा परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन गर्ने।
- परियोजनाबाट तोकिएका परियोजना कार्यान्वयन इकाईले प्रदेश स्तरमा समन्वय र रिपोर्टिङको समेत कार्य गर्ने।
- सञ्चालित जोन र सुपरजोनको प्रोफाईल तयार गर्ने।
- जिल्लामा सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रमको लागि परियोजनाको समन्वय इकाईको रुपमा कार्य गर्ने।

**ग) निकायमा रहने कर्मचारी संख्या**

| क्र.सं. | स्वीकृत पद/श्रेणी | स्वीकृत दरबन्दी संख्या | पदपूर्ती | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| १ | रा.प.द्वि.प्रा. (वरिष्ठ कृषि अधिकृत) | १ | १ | ० |
| २ | रा.प.तृ.प्रा. (कृषि अधिकृत) | २ | २ | ० |
| ३ | रा.प.अनं.प्र.प्र. (नायब सुब्बा) | १ | १ | ० |
| ४ | रा.प.अनं.प्र.प्र. (लेखापाल) | १ | १ | ० |
| ५ | रा.प.अनं.क.प्र.प्रा. (प्राविधिक सहायक) | २ | १ | १ |
| ६ | रा.प.अनं.द्वि.प्रा. (सहायक कम्प्यूटर अपरेटर) | १ | ० | १ |
| ७ | हलुका सवारी चालक | १ | १ | ० |
| ८ | कार्यालय सहयोगी | २ | २ | ० |
| | जम्मा | ११ | ९ | २ |
| | सेवा परामर्शतर्फ | | | |
| १ | मनोज ढकाल (बागवानी विज्ञ) | | | |
| २ | गोविन्द श्रेष्ठ (सामाजिक विज्ञ) | | | |
| ३ | मेघा सुवेदी (बाली विज्ञ) | | | |
| ४ | अर्जुन गौतम (कृषि इन्जिनियर) | | | |

वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
पोखरा, कास्की

घ) निकायबाट प्रदान गरिने सेवाः

- प्राविधिक सहयोग
- प्रयोगशाला सेवाहरु
- कृषि औजार तथा उपकरणहरु
- साना सिचाई पूर्वाधारहरु
- उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु आदि

ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी

प्रविधि विस्तार शाखाः कृषि अधिकृत श्री निशा कँडेल र कृषि अधिकृत श्री सुस्मा घिमिरे

प्रशासन शाखाः ना.सु. श्री नरेन्द्र गौतम

लेखा शाखाः लेखापाल श्री मिलन बहादुर भुजेल

च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

सेवाको प्रकृति अनुसार लाग्ने (कार्यालयको नागरिक बडापत्रमा उल्लेख भएको)

छ) निर्णय गर्ने प्रक्रिया र अधिकार

कृषिसँग सम्बन्धित एन, नियम र कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा तालुक निकायबाट भएको परिपत्र बमोजिमका कार्यहरु

ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुख वरिष्ठ कृषि अधिकृत श्री अजय अधिकारी

झ) सुचना अधिकारी र प्रमुखको नामथर र पदः

कार्यालय प्रमुखः श्री अजय अधिकारी, वरिष्ठ कृषि अधिकृत

सुचना अधिकारीः श्री सुस्मा घिमिरे, कृषि अधिकृत

ञ) सम्पादन गरेको कामको विवरणः

(२०७७ श्रावन १ देखि २०७८ असार मसान्तसम्म)

| क.स | सम्पादन गरेको मुख्य मुख्य कार्यक्रमहरु | उपलब्धीहरु |
|---|---|---|
| १ | स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना | ४२ मे. टन क्षमताको विउ श्रोत केन्द्र निर्माण भई आगामि आ.व. देखि विउ उत्पादन, प्रशोधन र बजारिकरणमा सहयोग पुग्ने । |
| २ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण(कृषि विकास कार्यक्रम) | ४ वटा नर्सरी श्रोत केन्द्र स्थापना तथा १ वटा नर्सरीको सुदृढीकरण गरिएकोले तरकारीका स्वस्थ वेर्ना उत्पादन गरि आवश्यकतानुसार सहज उपलब्धता हुने। |

वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
पोखरा, कास्की

| | | |
|---|---|---|
| ३ | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम(अन्य) | क्षति न्यूनीकरणजन्य कृषि यन्त्र उपकरणमा ५०% अनुदान कार्यक्रम संचालन गरिएकोले कृषि उपजहरुको संचय, बजारीकरण र क्षती न्यूनीकरणमा सहयोग गर्ने। |
| ४ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | दुईवटा शिक्षालयको लागत सहभागितामा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालन गरिएकोमा प्लाष्टिक टनेल निर्माण, प्लाष्टिक पोखरी निर्माण, गुमोज निर्माण लगाएतका कार्य सम्पन्न भई आगामि आ.व. वाट करिव १०० जना विद्यार्थिहरुले कृषि उत्पादन गरी पढ्दै कमाउदै कार्यक्रम संचालन हुने। |
| ५ | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | २४ वटा कृषि समुह/सहकारीलाई माग अनुसार डिजिटल तराजु र प्लाष्टिक क्रेट वितरण गरी कृषि उपजको बजारिकरणमा सहयोग गर्ने। |
| ६ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | मिनिटिलर ५०, पावर वीडर १, ब्रस कटर १, डिजिटल तराजु ७ लगायत साना कृषि यन्त्र उपकरणमा ५०% अनुदान कार्यक्रम संचालन गरिएकोले कृषि कार्यमा सहजता एवं लागत खर्च घट्ने। |
| ७ | गत बर्ष विस्तार भएका क्षेत्र र नया विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण(सिंचाइ प्रणालीको निर्माण) | ३१ वटा साना सिंचाई पूर्वाधार निर्माण भएकाले थप करिव १७५ रोपनी जमिनमा सहज सिंचाई सुविधा पुग्ने । |
| ८ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | १ वटा कृषि बजार/प्राथमिक प्रशोधन उद्योग स्थापना तथा १ वटा कृषि बजारमा थप पूर्वाधार निर्माणमा सहयोग गरी स्थानीय स्तरमा कृषि उपजको बजारीकरणमा सहयोग। |
| ९ | सौर्य उर्जामा आधारित सिंचाई प्रणाली जडान | ५ वटा सौर्य उर्जामा आधारित सिंचाई प्रणाली जडान योजनाबाट करिब १७३ रोपनी सिचित क्षेत्रको विस्तार। |
| १० | अस्थायी प्लाष्टिक घर निर्माण | २६२ अस्थायी प्लाष्टिक घर निर्माण भई तरकारी उत्पादनमा सहयोगका साथै १९४१६ वर्ग मिटरमा क्षेत्र विस्तार। |
| ११ | चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन | विभिन्न बालि बस्तुका ३ वटा चक्लावन्दी कार्यक्रम संचालन गरिएकोमा सुन्तलाजात फलफूल वालिमा ३.१ हे जमिनमा कृषक समूहमार्फत एकिकृत गरी कागति खेति गरिएको र २३.५ हे. जग्गामा अलैंचीमा माछापुच्छ्रे र अन्नपूर्ण गा.पा.मा चक्लाबन्दीको कार्यक्रम गरिएको। |

## ट) ऐन नियम विनियम वा निर्देशिकाको विवरणः

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७

नीतिहरुः

- राष्ट्रिय कृषि निति २०६१
- कृषि जैविक विविधता नीति २०६३ (पहिलो संसोधन २०७१)
- कृषि व्यवसाय प्रवर्धन नीति २०६३
- कृषि यान्त्रिकरण प्रवर्द्धन नीति २०७१

निर्देशिका

नेपाल सरकार
कृषि तथा पशुपक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
पोखरा, कास्की

- कृषि प्रसार कार्यक्रम संचालन निर्देशिका तथा नर्म्स २०७४/७५
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा तथा संचालन सम्बन्धी मार्गदर्शन, २०७६
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०७६
- आ.व. २०७७/०७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरुको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्वन्धी मार्गदर्शन

कार्यविधि

- कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि २०७५
- कृषि उपज भण्डारण घर निर्माण कार्यन्वयन कार्यविधि २०७५
- क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५
- कृषि पूर्वाधार विकास कार्यविधि २०७५
  कृषि सूचना कार्यविधि २०७५
- कृषि तथ्याङ्क संकलन, प्रशोधन र प्रविष्टी कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०७४

ठ) आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरणः छैन

ड) तोकिए बमोजिमका अन्य विवरणः नेपाल पक्ष राष्ट्र भई अन्तर्राष्ट्रियस्तरमा गरको जैविक विविधता संरक्षणसम्बन्धी महासन्धि, अभिसन्धि, सन्धि र सम्झौताहरुको कार्यान्वयन।

ढ) अघिल्लो आ.व. मा कुन कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः छैन

ण) सार्वजनिक निकायको वेवसाइट भएको भएः www.piukaski.pmamp.gov.np

त) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवम प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरणः छैन

थ) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः छैन

द) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समायवधीः छैन

ध) सार्वजनिक निकायमा परेका सुचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिइएको विषयः छैन

न) आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरणः

(२०७७ श्रावन १ देखि २०७८ असार मसान्तसम्म)

जम्मा राजश्व रुः ३०००/-

जम्मा खर्च रुः ३,४४,५०,६५९/-

जम्मा बेरुजु रकम रुः १,६०,२९,१२०/-

फछ्यौंट भएको रकम रुः ५,००,६०००/-

वरिष्ठ कृषि अधिकृत

न) सार्वजनिक निकायमा सुचनाहरु अन्यत्र प्रकाशित भएको वा हुने सोको विवरणः

- कार्यालयको सूचना पार्टी
- आवश्यकतानुसार एफ.एम. रेडियो ,पत्रपत्रिका
- वेवसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- वार्षिक तथा चौमासिक प्रतिवेदन

सुस्मा घिमिरे

कृषि अधिकृत

एवम्

सूचना अधिकारी

परियोजना कार्यान्वयन इकाई,कास्की

वरिष्ठ कृषि अधिकृत